# वृहत्तर कफी बिस्तार तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः** प्रदेश सरकार, प्रदेश नम्बर ३ को २०७६/०७७ को स्वीकृत वार्षिक बजेटमा रहेको पचास प्रतिशत अनुदानमा वृहत्तर कफी बिस्तार तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न, कफी खेतीमा आधुनिकीकरण र व्यवसायीकरण गर्न, आम कृषकको जीवन स्तरमा सुधार ल्याउनुको साथै कफीको मूल्य श्रृंखला विकास गरी क्षेत्र निर्धारण तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्दै यस प्रदेशको समृद्धि हासिल गर्नको लागि प्रदेश सरकार, प्रदेश नं. तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "वृहत्तर कफी बिस्तार तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"केन्द्र"** भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(ख) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ ।

(ग) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(घ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ ।

(ङ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

(च) **"साझेदार संस्था"** भन्नाले वृहत्तर कफी उत्पादन कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषि सहकारी, कृषक समूह, कृषि कम्पनि तथा कृषि व्यवसायिक फार्मलाई सम्झनु पर्छ ।

(छ) **"स्थानीय तह"** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) कफीको उत्पादन, उत्पादकत्व तथा गुणस्तर बृद्धि गर्ने,

(ख) अन्तराष्ट्रिय बजारमा गुणस्तरिय कफीको निर्यात बढाउने,

(ग) कृषकहरुको आयस्रोत तथा जीवनस्तर अभिवृद्धि गर्ने ।

## परिच्छेद - २
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गरी साझेदार संस्था छनौटको सिफारिस गर्न केन्द्रमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख वा निजले तोकेको अधिकृत, केन्द्र | संयोजक |
| (ख) | बागवानी विकास अधिकृत, केन्द्र | सदस्य |
| (ग) | प्रमुख, आर्थिक प्रशासन शाखा,केन्द्र | सदस्य |
| (घ) | प्रमुख, खरिद इकाई, केन्द्र | सदस्य सचिव |

(२) मूल्याङ्कन समितिले बढीमा ३ जना सम्म विषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) *मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु अनुसूची -१ मा तोकिएको मापदण्ड बमोजिम* मूल्याङ्कन गरी स्वीकृतिका लागि केन्द्रमा पेश गर्ने,

(ख) आवश्यक परामर्श तथा प्राविधिक सेवा उपलब्ध गराउने ।

## परिच्छेद - ३
## कार्यक्रम सञ्चालन

५. **कार्यक्रम लागू हुने जिल्लाः** यो कार्यक्रम आ.व. २०७६।७७ मा दोलखा, काभ्रेपलाञ्चोक, नुवाकोट, ललितपुर र धादिङ्ग जिल्लामा सञ्चालन गरिनेछ । आगामी आ.व. मा जिल्लाको संभाव्यता, माग र आवश्यकता अनुसार अन्य जिल्लाहरु थप गर्न सकिनेछ ।

६. **प्रस्ताव आव्हान तथा बजेट बाँडफाँडः** (१) निर्देशनालयले कार्यक्रम सञ्चालन गर्नको लागि ईच्छुक साझेदार संस्थाबाट आवेदन माग गर्न न्युनतम तीस दिनको म्याद दिई अनुसूची -२ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ र सोही अवधिमा इच्छुक साझेदार संस्थाले अनुसूची -३ अनुसारको निवेदन र सोही अनुसूचीमा माग गरिएका कागजात, अनुसूची -४ बमोजिमको प्रतिबद्धता पत्र र अनुसूची -५ बमोजिम प्रस्तावमा सहित सम्बन्धित केन्द्रमा आवेदन दर्ता गर्नु पर्नेछ।

(२) स्वीकृत वार्षिक कार्यक्रम र बजेटको परिधि भित्र रही निर्देशनालयले सम्बन्धित ज्ञान केन्द्रलाई लक्ष्य निर्धारण र बजेट बाँडफाँड गरी पठाउनु पर्नेछ ।

७. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाले जानकारी प्राप्त गरेको १५(पन्ध्र) दिनभित्र अनुसूची -६ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ ।

८. सञ्चानल गर्न सकिने क्रियाकलापः वृहत्तर कफी उत्पादन बिस्तार कार्यक्रममा निम्नानुसार क्रियाकलापहरु सञ्चालन गरिनेछः

(क) कफि खेती बिस्तारमा प्रयोग हुने बिरुवा र आधुनिक नर्सरी,

(ख) कफि नर्सरी स्थापना र सो को लागि आवश्यक पर्ने उत्पादन सामाग्रीहरु-जैविक मल, कृषि चुन, जैविक विषादी, हर्मोन आदि,

(ग) साना पूर्वाधारहरु, प्रशोधन घर, प्याकेजिङ्ग हाउस निर्माण तथा मर्मत सम्भार,

(घ) साना कृषि यन्त्र उपकरण तथा औजारहरु,

(ङ) कफिको लागि सिंचाई व्यवस्थापन(थोपा सिचाई समेत) ।

९. विशेष प्राथमिकताः जमिनको चक्लाबन्दी गरी गर्ने सामूहिक खेतीलाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

## परिच्छेद - ४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१०. अनुदान रकमः (१) दफा ९ अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्नको लागि स्वीकृत वार्षिक कार्यक्रम र बजेट परिधि भित्र रही बढीमा पचास प्रतिशत सम्म अनुदान उपलब्ध गराउने छ ।

(२) अनुदान रकम भुक्तानी लिन साझेदार संस्थाले सक्कल बील (PAN/VAT) भरपाई, कार्य प्रगति विवरण, कार्य सम्पन्न प्रतिवेदन, फोटो तथा अन्य आवश्यक कागजातहरु सम्वन्धित केन्द्रमा पेश गर्नुपर्नेछ । यसरी पेश भएको विवरण र कागजातको आधारमा साथै केन्द्रको प्राविधिकको अनुगमन प्रतिवेदन तथा सिफारिस आधारमा सम्बन्धित केन्द्रले साझेदार संस्थालाई अनुदान रकम भुक्तानी दिनेछ।

(३) कार्यक्रम सञ्चालनको लागि दुई प्रतिशत रकम कन्टिजेन्सी बापत कट्टा गरिने छ । सो रकम अनुगमन, ईन्धन, सूचना प्रकाशन, बैठक भत्ता लगायत अन्य व्यवस्थापकिय कामको लागि खर्च गर्न सकिनेछ ।

(४) साझेदार संस्थाले व्यहोर्ने रकम अन्य कुनै/संघसंस्था/स्थानीय तह/निकायवाट आंशिक वा पुरै व्यवस्था गर्न सक्नेछ ।

परिच्छेद - ५

## अनुगमन तथा मूल्याङ्कन

११. अनुगमन तथा मूल्याङ्कनः (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार मन्त्रालय, निर्देशनालय र केन्द्रले गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

परिच्छेद - ६

## विविध

१२. कारवाहीको व्यवस्थाः(१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई केन्द्रले अनुदान रोक्का गर्नेछ ।

(२) साझेदार संस्थाले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

१३. संशोधन : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१४. प्रचलित कानुन बमोजिम हुनः यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची -१

(दफा ४ सँग सम्बन्धित)

**प्रस्ताव मूल्याङ्कन फारम**

पूर्णाङ्क: १००

उत्तीर्णाङ्क:५०

| क्र.स. | मूल्याङ्कनको आधार | अंक | कैफियत |
|---|---|---|---|
| १ | **क्षेत्रफल बिस्तार** | २० | कागजात पेश गर्नुपर्ने |
| १.१ | ५० रोपनी सम्म | १५ | |
| १.२ | ५०-६० रोपनी | १८ | |
| १.३ | ६०-१०० रोपनी | २० | |
| २ | **साझेदार संस्थाको अनुभव** | ५ | कागजात पेश गर्नुपर्ने |
| २.१ | २ वर्षभन्दा बढी | ५ | |
| २.२ | २ वर्ष सम्म | ३ | |
| ३ | **लाभान्वित परिवार संख्या** | १० | प्रस्तावमा उल्लेख गर्नु पर्ने |
| ३.१ | २५ भन्दा माथि | १० | |
| ३.२ | २० देखि २५ | ९ | |
| ३.३ | १५ देखि २० | ८ | |
| ४ | **प्रस्तावको प्रकार** | २० | प्रस्तावमा उल्लेख गर्नु पर्ने |
| ४.१ | सामुहिक/सहकारी खेती | २० | |
| ४.२ | समूह खेती | १८ | |
| ४.३ | कृषि फर्म/कम्पनी | १६ | |
| ५ | **भौतिक सुविधा(सडक, विजुली आदि )को अवस्था** | १० | |
| ५.१ | सबै आधारभूत भौतिक सुविधा उपलब्ध | १० | |
| ५.२ | अपर्याप्त भौतिक सुविधा | ५ | |
| ६ | **प्रस्तावकको आर्थिक क्षमता** | २० | बैक Balance वा Letter of Bank intent |
| ६.१ | प्रस्तावमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने क्षमता भएको | २० | |
| ६.२ | प्रस्तावमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने सम्भावना देखिएको | १७ | |
| ६.३ | प्रस्तावमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने सम्भावना कम देखिएको | १५ | |
| ७ | **प्रस्तावको गुणस्तर तथा Financial Analysis(Pay back period analysis,B/C ratio,IRR)** | १५ | |
| | **जम्मा** | १०० | |

नोट: मूल्याङ्कनको क्रममा न्यूनतम ५० अंङ्क वा सो भन्दा बढी अंङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ ।

अनुसूची-२

(दफा ६ सँग सम्बन्धित)

## वृहत्तर कफी बिस्तार तथा प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः

कृषि विकास निर्देशनालय, हेटौडा, मकवानपुर को आ.व. .................. को स्वीकृत वृहत्तर कफी बिस्तार तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने हुदाँ ............................................जिल्लाका इच्छुक कृषि सहकारी, कृषक समूह, कृषि कम्पनी र कृषि फार्मले यो सूचना प्रकाशित भएको ३० औं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी अनुसुची -३ बमोजिमको आवेदन र सोही अनुसूचीमा माग गरेका कागजातहरु, अनुसुची -४ बमोजिमको प्रतिबद्धता पत्र र अनुसुची -५ बमोजिमको प्रस्ताव सम्बन्धित कृषि ज्ञान केन्द्रमा दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

पुनश्चः वृहत्तर कफी बिस्तार तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को बेवसाईट molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

अनुसूची -३

दफा ६ सँग सम्बन्धित

**आवेदन -फारम**

श्री प्रमुख ज्यू,
कृषि ज्ञान केन्द्र ... ... ... ... ,।

मेरो कृषि सहकारी/कृषक समुह/कृषि फर्म/कम्पनी . ... ... ... ..... ... जिल्लाको ... ... ... ... ... गा.पा/न.पा. वडा नं. ... ... ... वृहत्तर कफी बिस्तार तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोले सोका लागि लागत अनुमान रु. ... ... ... ... सहित तपसिल बमोजिमका कागजातहरू राखी निवेदन पेश गरेको छु /छौं।

**संलग्न कागजातहरुः**

१. रु. १० को टिकट टाँसेको अनुसूची -३ अनुसारको निवेदन,
२. कृषक समूह, कृषि सहकारी, नीजि फर्मको अद्यावधिक दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
३. अनुसुची -४ बमोजिमको प्रतिबद्धता पत्र,
४. अनुसुची -५ बमोजिमको प्रस्ताव,
५. कार्यक्रम माग सम्वन्धि बैठकको निर्णयको प्रतिलिपी ।
६. बिरुवा लगाउने हकमा क्षेत्रफल खुल्ने जग्गाको कागजात(आफ्नो वा लिजमा लिएको) र फाटो
७. आवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
८. आवेदकको नाममा रहेको बैंक तथा वित्तिय संस्थामा रकम जम्मा रहेको प्रमाणको रुपमा स्टेटमेण्ट वा भौचर वा बैंकको लगानी गर्ने Letter of intent ।

**निवेदक**

दस्तखतः
नाम थरः
पदः
फोन नं.
संस्थाको छापः

अनुसूची –४

(दफा ६ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

..........................को मिति..............................को सूचना अनुसार वृहत्तर कफी बिस्तार तथा प्रवर्द्धन कार्यक्रम सञ्चालनमा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र .......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**आनुदानग्राहीको तर्फबाट**

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| | |
|---|---|
| दायाँ | बाँया |

अनुसूची -५
दफा ६ सँग सम्बन्धित
**प्रस्तावनाको ढाँचा**

· प्रस्तावित आयोजनाको नामः

१. आवेदक सम्बन्धि विवरणः

| | |
|---|---|
| आवेदकको नामः | |
| पूर्ण ठेगाना (पत्रचारको लागि): | |
| आवेदकको किसिम (कुनै एक मात्र चिन्ह लगाउने) | १.कृषक समूह<br>२.कृषि सहकारी<br>३.कृषि फर्म<br>४.कृषि कम्पनी |
| संस्था दर्ता भएको मितिः | |
| स्थायीलेखा नं.: | |
| संस्थाको मुख्य उद्देस्यः | |
| प्रोपाइटरको वा अध्यक्षको नामः | |
| मोबाइल नं.: | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कुल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| अन्य स्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के-के उद्देश्यक लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस् | |
| विगतमा गरेको कामको संक्षिप्त विवरण | |

**२. आयोजना सञ्चालन प्रक्रियाः**

२.१ प्राविधिक तथा भौगोलिक संभाव्यताः

२.२ आयोजनाको उद्देश्यः

२.३ समस्या तथा चुनौतीः

**३. आयोजना सञ्चालनवाट हुने उपलब्धिहरुः**

३.१ क्षेत्रफल बिस्तार(हेक्टर)

३.२ उत्पादन वृद्धिः

३.३ जीविकोपार्जन तथा जीवनस्तर सुधारः

३.४ रोजगारी तथा आर्थिक अवस्था सुधारः

३.५ लाभान्वित हुने परिवार संख्याः

## ४. आम्दानी खर्च विश्लेषण

| आम्दानी विशलेषण | | | | |
|---|---|---|---|---|
| विवरण | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| **खर्च विश्लेषण** | | | | |
| विवरण | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
| | | | | |
| | | | | |
| जम्मा खर्च | | | | |
| | | | | |
| | | | | |
| सालाखाला मुनाफा(Gross Margin) | | | | |
| लाभ लागत अनुपात(B:C Ratio) | | | | |
| Net present Value | | | | |

## ५. मूख्य क्रियाकलापको लागत अनुमान

| क्र.स | मूख्य क्रियाकलाप | माग गरेको अनुदान | आवेदकको योगदान | कुल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कुल | | | | |

हस्ताक्षर :

नाम :

पद :

सम्पर्क न.

छाप:

अनुसूची -६

(दफा ७ सँग सम्बन्धित)

## सम्झौता -पत्र

यो सम्झौता पत्र, कृषि ज्ञान केन्द्र,.........(यस पछि पहिलो पक्ष भनिने) र.................जिल्ला.........गा.पा/नपा.........वडानं..............................कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी/निजि फर्म (यस पछि दोस्रो पक्ष भनिने) बीच वृहत्तर कफी बिस्तार तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने गरी तपसिलको शर्त वमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

शर्तहरु

१. यो सम्झौता, सम्झौता भएको मिति......... देखि प्रारम्भ भएको मानिनेछ ।

२. यो सम्झौतामा संलग्न स्वीकृत इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरी मिति.........सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

३. यस सम्झौता बमोजिमको कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

४. सम्झौता बमोजिमको कार्य सञ्चालन तथा सम्पन्नको लागि प्रथम पक्ष मार्फत अनुदान स्वरुप रु. ................................................र दोस्रो पक्षको लागत सहभागिता रु........................... व्यहोरिनेछ ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको वृहत्तर कफी बिस्तार कार्यक्रम सञ्चालन लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए सोको जानकारी प्रथम पक्षलाई गराउनु पर्नेछ ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

७. दोस्रो पक्षले कार्यक्रमको विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सूचना पाटी राख्नु पर्ने छ ।

८. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष फोटो, बील पेश भएको मितिले सकेसम्म सात दिन भित्र सम्बन्धित दोस्रो पक्षको नाममा बैंक मार्फत भुक्तानी दिनेछ ।

९. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

१०. दोस्रो पक्षले सम्झौताको शर्त र कार्यतालिका बमोजिम ......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

११. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१२. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

प्रथम पक्षको तर्फबाटः

हस्ताक्षरः

नामः

पदः

कार्यालयको छापः

दोश्रो पक्षको तर्फबाटः

हस्ताक्षरः

नामः

पदः

साझेदारको छापः

रोहवर

हस्ताक्षरः

नामः

पदः

कार्यालयको छापः

हस्ताक्षरः

नामः

पदः

साझेदारको छापः

इति सम्वत् .............. साल ................ महिना ......... गते रोज ........ शुभम् ।

-: